प्रतिदिन १६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : ३०८ ॥ २०८१ पुष १४ गते आइतबार (29th Dec 2024 Sunday) Pratidin National Daily मूल्य-रु.५/-

# सम्पत्ति शुद्धीकरणले अब कोही जोगिँदैनन्–लिङ्देन

भापा(प्रस) । राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले सम्पत्ति शुद्धीकरणको हतियारले अब ठूला दलका कोही नजोगिने बताएका छन् ।

राप्रपा कोशी प्रदेश समितिले शनिबार इटहरीमा आयोजना गरेको बृहत् विरोध सभामा अध्यक्ष लिङ्देनले भने, 'रास्वपा सभापति रवि लामिछानेमाथि सम्पत्ति शुद्धीकरणको हतियार चलेको छ, अब दाप बाहिर आइसकेको यो हतियार रोकिने छैन र रोकिन पनि हुँदैन ।'

उनले नेपालका सबै नेताहरुको सम्पत्ति छानबिन गर्नुपर्ने भन्दै सुरुमा राप्रपा नेताहरूबाट छानबिन गर्न तयार रहेको बताए । अहिलेको व्यवस्थाले भ्रष्टाचारलाई भन्भन् संरक्षण गरेको भन्दै देशको लागि राजासहितको प्रजातन्त्र र हिन्दू राष्ट्र अपरिहार्य रहेकोमा जोड दिए ।

विरोध सभामा राप्रपाको निर्देशन समितिका अध्यक्ष डा. प्रकाशचन्द्र लोहनीले प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्व र कार्यशैलीका कारण प्रजातन्त्र खतरामा परेको दाबी गरे । उनले प्रजातान्त्रिक




दलहरूको नाममा प्रजातन्त्र मास्ने काम भएको बताए ।

डा. लोहनीले केपी ओली, शेरबहादुर देउवा र प्रचण्डसँग कुनै भ्रष्टाचार गरेको छैन, नेपाल बाहिर कुनै पैसा राखेको छैन भनेर नेपालको संसदमा उभिएर नेपाली जनतालाई भन्ने नैतिक हिम्मत नभएको बताए ।

जनताले अहिले विकल्पको खोजी गरेको उनको दाबी थियो ।

महामन्त्रीद्वय राजेन्द्र गुरुङ, प्रल्हादप्रसाद शाहले प्रदेश संरचना खारेजी, अधिकारसम्पन्न स्थानीय स्वायत्त शासन, राजसंस्था पुनःस्थापना र हिन्दू राष्ट्र, सहकारी पीडितको रकम फिर्ता, भ्रष्टाचारीमाथि कारबाही, शिक्षा-स्वास्थ्य-रोजगारीमा समान पहुँच र भूमिहीन समस्या समाधानजस्ता विषयहरू राप्रपाले निरन्तर उठाउने बताए ।

राप्रपा प्रवक्ता ज्ञानेन्द्र शाहीले अब भ्रष्टाचारीको दिनगन्ती सुरु भएको बताए । राप्रपाले अब जनताको पक्षमा जस्तोसुकै कदम चाल्न तयार रहेको बताउँदै उनले भ्रष्टाचारमा संलग्न उच्च राजनीतिक नेतृत्वलाई छानबिनको दायरामा ल्याउन, छानबिन गर्न दबाब दिन, सहकारी पीडितहरुको बचत फिर्ता गराएरै छाड्ने बताए ।

विरोधसभामा सहभागी हुन पूर्व क्षेत्रका विभिन्न जिल्लाबाट नेता कार्यकर्ताहरु इटहरीमा भेला भएका थिए । भ्रष्टाचारमा संलग्न उच्च राजनीतिक नेतृत्वलाई छानबिनको दायरामा ल्याउन, छानबिन गर्न दबाब दिन विरोसभा आयोजना गरिएको राप्रपाले जनाएको छ । विरोध कार्यक्रमलाई निर्देशन समितिका सदस्य रामकुमार सुब्बा, कोशी प्रदेश अध्यक्ष रामकुमार थापा, केन्द्रीय सदस्य इनु अधिकारी, सुनसरी जिल्ला अध्यक्ष दुर्गाबहादुर सुवेदीलगायतले सम्बोधन गरेका थिए ।

## सहकारी संघमा कांग्रेसनिकट सहकारीकर्मीले उम्मेदवारी दिने



बिर्तामोड(प्रस)।जिल्ला सहकारी संघ भापाको आसन्न निर्वाचनमा नेपाली कांग्रेसनिकट सहकारीकर्मीहरुले उम्मेदवारी दिने भएका छन् । यही पुष २७ गते हुन लागेको जिल्ला सहकारी संघको अधिवेशनमा उम्मेद्वारी प्रस्तुत गर्न नेपाली कांग्रेस भापाले एक समिति गठन गरेको छ । निर्वाचनमा संयोजनकारी भूमिका निर्वाह गर्ने उद्देश्यले दुर्गाप्रसाद सापकोटाको संयोजकत्वमा १५ सदस्यीय समिति गठन गरेको हो ।

समितिको सदस्यहरुमा पुष्पराज कार्की, दिपक काफ्ले, देविका बस्नेत, पम्फा विक, लवकुमार चौधरी, युवराज गिरी, शेखरनाथ अधिकारी, भुपाल बस्नेत, मित्र खनाल, विनोद ढकाल, प्रकाश चुडाल, कर्म शेर्पा, टिकाराज सापकोटा, रोशन विष्टलगायत रहेका छन् । जिल्ला सहकारी संघ भापामा नेकपा एमालेनिकट सहकारीकर्मीहरुको वर्चस्व रहँदै आएको छ । नेकपा एमाले र नेपाली कांग्रेसको संयुक्त सरकार भएकाले यसपटक जिल्ला सहकारी संघमा दुवै पार्टीले भागवन्डा गर्ने संभावना देखिएको छ ।

पार्टी कार्यालयमा पार्टीनिकट ब्यक्तिले नेतृत्व गरेका जिल्लाभरका सहकारी संस्थामा आबद्ध अध्यक्ष एवं प्रतिनिधिहरुको भेलालाई संबोधन गर्दै नेपाली कांग्रेस भापाका सभापति देउकुमार थेवेले वी.पी. कोइरालाले प्रतिपादन गरेको समाजवादी सिद्धान्त सहकारीका माध्यमबाट सहज रुपमा पूरा गर्न सकिने बताए ।सहकारीका माध्यमबाट समाज परिवर्तन र आयस्तर बृद्धि गर्न सकिने उनको भनाइ थियो ।

नेपाली कांग्रेस कोशी प्रदेश समिति सदस्य एवं कोशी प्रदेश सहकारी विभागका संयोजक चन्द्रा खड्का भट्टराईको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सहजीकरण नेपाली कांग्रेस भापाका सचिव नवीन विमलीले गरेका थिए । कार्यक्रममा सयबढी सहकारीकर्मीहरुको सहभागिता रहेको नेपाली कांग्रेस भापाका कार्यालय सचिव जयकुमार दाहालले जानकारी दिए ।

## ट्रक दुर्घटनामा सहचालकको मृत्यु

भापा(प्रस)। उदयपुरमा भएको ट्रक दुर्घटनामा सहचालकको मृत्यु भएको छ । उदयपुरको उदयपुर गढी गाउँपालिका ७ अधेरीमा शनिवार दिउँसो १२:४० बजे काठमाण्डौबाट इनरुवातर्फ जाँदै गरेको बा प्र ०१-००६ ख ५७४९ नम्बरको लोड ट्रक अनियन्त्रित भई पल्टिएको हो । दुर्घटनामा चालक सुनसरी इटहरी- २ पशुपति चोक बस्ने २३ वर्षीय बिज्ञान तामाङ घाइते भएका छन् भने सहचालक सोही स्थान बस्ने २४ वर्षीय सुदिप राईको मृत्यु भएको हो । त्यस्तै अर्का सहचालक सोलुखुम्बु जोगरा बस्ने १६ वर्षीय सबिन बि.क. पनि घाइते भएका छन् । उनलाई जिल्ला अस्पतालबाट थप उपचारको लागि बिराटनगर रेफर गरिएको छ ।

## त्रिभुवन विश्वविद्यालयबाट चौध हजार दीक्षित

भापा(प्रस) । त्रिभुवन विश्वविद्यालयका १४ हजार तीन सय आठ जना विद्यार्थी दीक्षित भएका छन् ।

प्रधानमन्त्री तथा त्रिभुवन विश्वविद्यालयका कुलपति केपी शर्मा ओलीले त्रिपुरेश्वर स्थित दशरथ रङ्गशालामा आयोजित ५० औं दीक्षान्त समारोहमा विद्यावारिधि गर्ने र सर्वोत्कृष्ट अङ्क प्राप्त गर्ने विद्यार्थीलाई प्रमाणपत्र प्रदान गरेका हन् ।

त्रिभुवन विश्वविद्यालयका परीक्षा नियन्त्रक पुष्पराज जोशीका अनुसार स्नातक तहका नौ हजार ६८, स्नातकोत्तर तहका पाँच हजार ५५, एमफिलका ६३ र विद्यावारिधि (पिएचडी) का एक सय २२ जना विद्यार्थी दीक्षित भएका छन् ।

त्रिभुवन विश्वविद्यालयबाट लिइएका विभिन्न तह एवं विषयका परीक्षामा




सर्वप्रथम भएका विद्यार्थीलाई विभिन्न पदकबाट पुरस्कृतसमेत गरिएको छ । यस वर्षको त्रिभुवन विश्वविद्यालय प्राध्यापक संघ सहिद उपप्राध्यापक हरिराज अधिकारी स्वर्णपदक व्यवस्थापन संकायका हिरा श्रेष्ठलाई र श्री इन्द्रभक्त श्रेष्ठ स्वर्णपदक स्कुल अफ म्यानेजमेन्टका सुधा काफ्लेलाई प्रदान गरिएको छ ।

यसैगरी, अमृत पदक रसायनशास्त्र केन्द्रीय विभागका सुशील पोखेललाई, मदन विद्या वातावरण विज्ञान पुरस्कार वातावरण विज्ञान केन्द्रीय विभागका रिकिता भण्डारीलाई, नेपाल बैंक लिमिटेड सरदार गुञ्जमान सिं स्वर्णपदक र रामकृष्ण न्हुच्छे प्रधान पुरस्कार काठमाडौं मोडल कलेजका रेविका भण्डारीलाई प्रदान गरिएको छ ।

नरेन्द्रमणि आचार्य दीक्षित पदक र डा मोहनप्रसाद लाखे स्वर्णपदक रत्नराज्यलक्ष्मी क्याम्पसका सुदीक्षा घिमिरेले पाएकी छन् । शान्ति-नारायण मिश्र पदकबाट पुस्तकालय तथा सूचना विज्ञान केन्द्रीय विभागका सञ्जीवकुमार सिंह, डा दुबसु क्षेत्री स्वर्ण पदकबाट अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीति विभागका प्रतीकराज जोशी, इमिरेट्स प्रा डा रामप्रसाद चौधरी स्वर्ण पदकबाट वनस्पति शास्त्र केन्द्रीय विभागका श्रीणा क्षेत्री र नारायण शान्ति मिश्र पदकबाट पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागका चेतना कुँवरबाछ पुरस्कृत भएका छन् ।

## शिवाकोटीलाई थप पाँच दिन हिरासतमा राख्न अनुमति



भापा(प्रस) । घरेलु कामदारको रुपमा राखिएकी १६ वर्षीया नाबालिकालाई जबरजस्ती करणी गरेको आरोपमा पक्राउ परेका बिर्तामोड नगरपालिकाका पूर्व नगर प्रमुख ध्रुवकुमार शिवाकोटीलाई थप पाँच दिन हिरासतमा राख्न भापा जिल्ला अदालतले अनुमति दिएको छ ।

सात दिनको म्याद सकिएर शुक्रवार थप म्यादका लागि शिवाकोटीलाई प्रहरीले जिल्ला अदालत लगेको थियो । शुक्रवार पाँच दिनको म्याद थप गरिएको इलाका प्रहरी कार्यालय बिर्तामोडका प्रहरी निरीक्षक सन्तोष राईले जानकारी दिए ।

यसअघि अदालतले शिवाकोटीलाई बलात्कार आरोपमा अनुसन्धान गर्न चार , पाँच र त्यसपछि सात गरी १८ दिन हिरासतमा राख्न अनुमति दिएको थियो । इलाका प्रहरी कार्यालय बिर्तामोडले शिवाकोटीलाई गत मंसिर २५ गते पक्राउ गरेको हो ।

## लागूऔषध मुद्धामा शिवसताक्षीका श्रेष्ठ पक्राउ

भापा(प्रस) । लागूऔषध मुद्धाका फरार प्रतिवादी



भापा शिवसताक्षी- ४ का २३ वर्षीय लोकबहादुर श्रेष्ठ पक्राउ परेका छन् । उनलाई शुक्रवार दिउँसो ४.२० बजे इलाका प्रहरी कार्यालय शिवगञ्जको टोलीले वडा नम्बर ४ को डाँडागाउँबाट पक्राउ गरेको हो ।

लागूऔषध मुद्धामा भापा जिल्ला अदालतको गत चैत २२ गतेको फैसलाले उनलाई ३ महिना २९ दिन कैद सजाय सुनाएको थियो ।

उनलाई पक्राउ गरी इलाका प्रहरी कार्यालय शिवगञ्जमा राखिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## माओवादी अध्यक्ष प्रचण्ड गौरीगञ्ज आउने

भापा(प्रस) । पूर्व प्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड पुष १५ गते भापाको गौरीगञ्ज आउने भएका छन् ।

नेकपा माओवादी केन्द्र गौरीगञ्जको दोस्रो गाउँ अधिबेशन उद्धाटन गर्न प्रचण्ड आउन लागेका हुन् । यसअघि उनी गत भदौ २९ गते भापा आएका थिए । गौरीगञ्जमा गाउँ अधिवेशनसंगै पार्टी प्रवेश कार्यक्रम रहेको पार्टीका जिल्ला इन्चार्ज राजु आचार्य अग्नीले जानकारी दिएका छन् । कार्यक्रम गौरीगञ्जको अतिथि सदनमा हुने भएको छ ।

## डेरी उद्योगमा आगलागी, ३० लाखको क्षति

भापा(प्रस)। इलामको सन्दकपुरमा रहेको डेरी उद्योगमा आगलागी हुँदा करिव ३० लाखबराबरको क्षति भएको छ । शनिवार बिहान ९बजे सन्दकपुर- ३ तालगाउँ बस्ने ४४ वर्षीय सागर खतिवडाको टिनको छानो सिमेन्टले प्लस्टर गरेको दुईतले घरमा आफैले संचालन गरेको अनुकूल दुध डेरीमा आगलागी भएको हो । दुध तताउने क्रममा डेरीमा अचानक भएको सो आगलागीबाट घर,घरभित्र रहेको अन्नपात,लत्ताकपडा र डेरी पूर्णरुपमा जलेर नष्ट हुँदा अन्दाजी ३० लाखबराबरको क्षति भएको इलाम प्रहरीले जनाएको छ । प्रहरी चौकी बन्दुकेबाट खटिएको प्रहरी टोली र स्थानीयको सहयोगमा बिहान १०:३५ बजे पूर्णरुपमा आगो नियन्त्रणमा आएको थियो ।

भापा गोल्डकप बिर्तामोड, भापाको सूचना

मिति २०८१ पुस ०३ गते बसेको कार्य समिति बैठकबाट **भापा गोल्डकप बिर्तामोड**को बार्षिक साधारणसभा र अधिवेशन मिति २०८१ पुस २९ गते गर्ने निर्णय भएको हुँदा भापा गोल्डकपको विधान अनुसार सम्पूर्ण सदस्यहरुले मिति २०८१ पुस २५ गतेभित्र आ-आफ्नो सदस्यता नवीकरण गर्नु/गराउनुहुन गोल्डकपका सम्पूर्ण सदस्यहरुलाई यसै सूचनामार्फत जानकारी गराइन्छ ।

**कार्यक्रम**

**साधारणसभा तथा अधिवेशन**

मिति: २०८१ पुस २९ गते — समय: विहान ११ बजे

स्थान: अतिथि सदन, बिर्तामोड — निर्वाचन: २०८१ पुस २९ गते

**गजेन्द्र पौडेल** सचिव

**बलराम कार्की** साधारणसभा तयारी समिति संयोजक

**बिनोद बस्नेत** अध्यक्ष

# अन्तर क्याम्पस गोल्डकपको उपाधि दमक बहुमुखी क्याम्पसलाई

झापा(प्रस)। स्वतन्त्र विद्यार्थी युनियन महेन्द्र रत्न बहुमुखी क्याम्पस इलामको आयोजनामा भएको अन्तर क्याम्पस गोल्डकपको उपाधि दमक बहुमुखी क्याम्पसले जितेको छ । शनिबार इलामको ठुलो टुँडिखेलमा सम्पन्न फाइनल खेलमा महेन्द्र बहुमुखी क्याम्पस धरानलाई एक गोलले पराजित गर्दै दमकले उपाधि जितेको हो । मध्यान्तरअघि नै दमकका किस्मत लिम्बूले प्रहार गरेको बललाई डिफेन्डर जर्सी नं ४ का प्रविनले हेडमार्फत क्लियर गर्न खोज्दा बल आत्मघाती बन्न पुग्यो । उक्त गोल नै दमकको लागि उपाधिको उपहार बन्यो । योसँगै दमक बहुमुखी क्याम्पसले




दुईलाख रुपैयाँ हात पारेको छ भने महेन्द्र बहुमुखी क्याम्पस धरानले उपविजेता बन्दै एक लाख रुपैयाँ प्राप्त गरेको छ । फाइनल खेल प्रतिनिधिसभा सदस्य सुहाङ नेम्बाङको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । प्रतियोगितामा दमक बहुमुखी क्याम्पस झापा, केन्द्रीय प्रविधि क्याम्पस हात्तीसार सुनसरी, महेन्द्र रत्न बहुमुखी क्याम्पस इलाम, पाथीभरा बहुमुखी क्याम्पस ताप्लेजुङ, दार्जिलिङ गभर्मेन्ट क्याम्पस भारत, गौरादह क्याम्पस झापा, महेन्द्र बहुमुखी क्याम्पस धरान र मेची बहुमुखी क्याम्पस झापाको सहभागिता रहेको थियो ।

# मेचीनगरमा लागूऔषधसहित एक कारोबारी पक्राउ



झापा(प्रस)। झापाको मेचीनगरमा लागूऔषधसहित एक कारोबारी पक्राउ परेका छन् । शनिवार साँझ ६ बजे मेचीनगर नगरपालिका वडा नम्बर -९ गैरीगाउँमा लागूऔषधको कारोबार भइरहेको सूचनाको आधारमा प्रहरी टोलीले छापा मारेको थियो । सोही ठाउँ बस्ने २८ वर्षीय सालु भन्ने अजय राजवंशीलाई कोठामा फेला पारी शंका लागेर शरीर चेकजाँच गरी उनको कोठा खानतलासी गर्दा साइकलको हेण्डलको सकअपको प्वालभित्र ५ ग्राम ९० मिलिग्राम ब्राउनसुगर बरामद भएको थियो । त्यस्तै बिभिन्न कम्पनीका मोबाइलहरु थान-५,नगद ५० हजार १५० रुपैयाँ पनि बरामद भएको जनाइएको छ । उनलाई पक्राउ गरी इलाका प्रहरी कार्यालय धुलावारीमा राखिएको छ ।

# प्रेस सेन्टरको अध्यक्षमा पुष्प खड्का



बिर्तामोड(प्रस)। प्रेस सेन्टर नेपाल झापाको अध्यक्षमा पुष्प खड्का चयन भएका छन् । शनिवार बिर्तामोडमा सम्पन्न १० औं जिल्ला अधिवेशनले खड्काको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो ।समितिको उपाध्यक्षद्वयमा होमप्रकाश अधिकारी र सन्तोष शर्मा, सचिवमा प्रकाश उप्रेती, सह-सचिवद्वयमा लेखनाथ चापागाईं (केशव) र राजन साम्पाङ तथा कोषाध्यक्षमा मनोज तिवारी चयन भएका छन् । त्यसैगरी सदस्यमा टिकाराम बास्तोला, भोला तिम्सिना र पर्वत तामाङ रहेका छन् । अधिवेशनले डण्डिराज घिमिरे र झुलन रेग्मीलाई केन्द्रीय प्रतिनिधिमा पठाउने निर्णय गरेको छ । सोही कार्यक्रममा पत्रकार राजन साम्पाङ प्रेस सेन्टर नेपालमा प्रवेश गरेका थिए । कार्यक्रममा नेपाल पत्रकार महासंघ झापामा निर्वाचित कार्यसमितिका सचिव राजु पाठक र सदस्य सन्तोष शर्मालाई सम्मान गरिएको थियो ।

नेकपा माओवादी केन्द्रका जिल्ला इन्चार्ज राजु आचार्य (अग्नि) को प्रमुख आतिथ्यतामा सम्पन्न अधिवेशनमा केन्द्रीय कमिटी सदस्य भवानीप्रसाद दङ्गाल, प्रेस सेन्टर नेपालका सचिवालय सदस्य दिपिन राई, केन्द्रीय कमिटी सचिव बिमल लामिछाने, प्रेस सेन्टर नेपालका केन्द्रीय सदस्य लीलाराज खड्का, प्रदेश उपाध्यक्ष डण्डिराज घिमिरेले नवगठित समितिलाई शुभकामना दिएका थिए ।राजु पाठकको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन पुष्प खड्काले गरेका थिए ।

# सात अर्बमा बन्दैछ सुदूरपश्चिमको पहिलो केबलकार

झापा(प्रस)। नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल नेतृत्वको लगानीमा सुदूरपश्चिममा पहिलो केबलकार चिसापानीमा निर्माण हुने भएको छ।

सुदूरपश्चिम प्रदेशको प्रबेशद्वार चिसापानीबाट राजकाँडासम्म चल्ने केबलकार जालपादेवी केबलकार कम्पनीको सात अर्ब लगानीमा निर्माण हुने भएको हो। शनिवार परराष्ट्रमन्त्री डाक्टर आरजु राणा देउवाले एक कार्यक्रमबीच शिलान्यास गरेकी छन्।

शिलान्यास कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री राणाले केबलकारको निर्माणले सुदूरपश्चिमको पर्यटकीय विकासमा मद्धत पुग्ने बताइन्। उनले भनिन्,'सुदूरपश्चिम प्रदेश प्राकृतिक सौन्दर्यता, स्रोत साधनयुक्त प्रदेश हो। केबलकारको लगानीले थप लगानी भित्र्याउन सहज हुनेछ।'

उनले सुदूरपश्चिमको विकासका लागि कृषि जलस्रोत र पर्यटन क्षेत्रको विकासमा जोड दिनुपर्ने बताइन्। 'देशको समृद्धिका लागि नै दुई दल मिलेर सरकार गठन गरेका हुन् ' मन्त्री राणाले भनिन्, 'देशको समग्र विकासका लागि बाधकरूपमा रहेका ऐन, कानुन र नियमहरू संशोधनको तयारी भइरहेको छ। त्यसले देशको समृद्धि हुने गरी काम भइरहेको छ।'

केबलकारको निर्माणले सुदूरपश्चिमको पर्यटकीय विकाससँगै निजी क्षेत्रलाई लगानीको वातावरण बनाउन थप मद्धत पुग्ने सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाहले बताए। 'निजी क्षेत्रलाई सुदूरपश्चिममा लगानी ल्याउन आग्रह गर्दछु,' उनले भने, 'प्रदेश सरकार लगानीको वातावरण बनाउन प्रतिबद्ध छ।'

होटल, रिसोर्ट, केबलकारसहितका पर्यटकीय पूर्वाधारहरू सो केबलकार कम्पनीले निर्माण गर्नेछ। गत वैशाखमा सुरु भएको पहिलो चरणको काम सकिएपछि कम्पनीले निर्माणको चरणमा प्रवेश गरेको छ। दुई वर्षमा निर्माण सम्पन्न गर्दै सञ्चालनमा ल्याउने उद्देश्यका साथ कम्पनीले काम गरिरहेको कम्पनीका अध्यक्ष चन्द्रप्रसाद ढकालले बताए।

आयोजना स्थलका एक हजार आठ सय ६६ वटा रुख काटिएका छन् भने केबलकार सञ्चालनका लागि २० बिगाह जमिन कम्पनीका नाममा सारिएको छ। चिसापानीदेखि राजकाँडासम्म केबलकारको कूल लम्बाई ३.१ किलोमिटरको रहने छ।

केबलकारमा १५ वटा टावर र ३४ वटा गोन्डुला रहने छन्। केबलकार निर्माणसँगै राजकाँडामा रहेको जलपादेवी, कालभैरव, कालिकादेवीको मन्दिरको स्तरोन्नति गर्ने बताइएको छ। राजकाँडामा एक सय र चिसापानीमा ५० बेड क्षमताको होटलसमेत निर्माण गरिने बताइएको छ।

# सर्वोच्च अदालतका पूर्वन्यायाधीश वस्तीको निधन

झापा(प्रस) । सर्वोच्च अदालतका पूर्वन्यायाधीश प्रकाश वस्तीको निधन भएको छ । अस्पतालका अनुसार हृदयाघातका कारण शुक्रबार राति उनको निधन भएको हो । हृदयघातपछि उनलाई थापाथलीस्थित नर्भीक अस्पतालमा लगिएको थियो । उनी करिब ६ वर्ष सर्वोच्च अदालतको अतिरिक्त न्यायाधीश थिए । २२ भदौ २०६५ मा नियुक्त भएका उनी पदावधि नथपिएपछि २९ चैत, २०७० मा अस्थायी न्यायाधीशबाटै अवकाश भएका थिए । पछि उनी राष्ट्रिय मानव अधिकार आयोगको सदस्य भएका थिए। नेपालको न्यायिक इतिहास भाग १ लेखेका वस्ती पछिल्लो समय दोस्रो भाग लेखनीमा व्यस्त थिए ।


## आबद्ध बचत तथा ऋण सहकारी संस्था लि.

### विर्तामोड-५, झापा

## धितो लिलाम विक्री गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१।०९।१४ गते**

यस आबद्ध बचत तथा ऋण सहकारी संस्था लि. बाट तपशिलमा उल्लेखित ऋणीहरुले तपशिलको ऋण उपभोग गर्नु भएकोमा ऋणीहरुले यस संस्थासँग गरेको सम्झौता बमोजिम तिर्नु पर्ने सावाँ, व्याज र अन्य दस्तुर संस्थामा नतिरी नबुझाई ऋण लिँदाका बखतको कबुलियत उल्लंघन गर्नुभएको हुँदा उल्लेखित रकम तिर्न ऋणीहरुलाई पटकपटक मौखिक, लिखित तरताकेता गर्दा समेत भुक्तानी गर्नुपर्ने रकम भुक्तानी नगरि आलटाल गरी सम्झौता उल्लघंन गर्नु भएको र कर्जा तिर्न बुझाउन आउनु भनी तपशिल बमोजिम सार्वजनिक सूचना प्रकाशित गर्दा समेत तपाई ऋणीहरुले संस्थालाई तिर्नु पर्ने ऋण चुक्ता नगरेको हुँदा सहकारी ऐन २०७४ एवं नियमावली २०७५, र प्रचलित कानून अनुसार ऋणीले ऋण लिँदाका बखत संस्थालाई लेखाईदिएको तपशिल बमोजिमको धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्री गरी यस सहकारी संस्थाले आफ्नो लेना रकम असुल उपर गर्नुपर्ने भएको हुँदा यो ३५ दिने सूचना ऋणी तथा सम्बन्धित सबैका लागि प्रकाशित गरिएको छ । उक्त ऋणमा लेखाई दिएको तपशिलको धितो सुरक्षण बापतको जायजेथा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम विक्री गरि संस्थाले आफ्नो ऋण असुल उपर गर्नुपर्ने भएको हुँदा जग्गा लिलामीको शर्त बन्देज स्वीकार गर्न ईच्छुक संघ संस्था तथा व्यक्तिहरुलाई कम्तिमा न्यूनतम मूल्य नघट्ने गरी डाक बढाबढको लागि यो सूचना प्रकाशन भएको ३५ दिनभित्र कार्यालय समय ४ बजे सम्ममा आवेदन दर्ता गर्नुहुन सूचित गरिन्छ । उक्त धितोले यस संस्थाको लेना रकम असुल उपर नभएमा सम्बन्धित ऋणी तथा जमानीकर्तालाई कालो सूचीमा राखी निजहरुको अन्य जायजेथा वा एकाघर परिवारको नाममा रहेको जायजेथाबाट समेत असुल उपर गरिनेछ ।

### तपशिल

| क्र.सं. | ऋणीको विवरण | धितोको विवरण | ऋण विवरण | कर्जा तिर्न आउने बारेको सूचना |
|---|---|---|---|---|
| १. | नाम : मिना देवी खड्का,<br>ठेगाना : बिर्तामोड ५, झापा<br>ना. प्र. नं. : ०२/१२८६१/२७१<br>बाबुको नाम : सेर ब. खड्का<br>बाजेको नाम : बिर ब. खड्का<br>पतिको नाम :देवेन्द्र पौडेल | जग्गाधनीको नाम :मिना देवी खड्का<br>जग्गाधनीको बुबाको नाम :सेर ब. खड्का<br>बाजेको नाम: बिर ब. खड्का<br>पतिको नाम : देवेन्द्र पौडेल<br>जग्गा रहेको ठेगाना :अनारमनी ३,<br>कित्ता नं. : १६८७,<br>क्षेत्रफल : १३५.४५ ब.मि. | ऋण लिएको मिति : २०७७/१०/२२<br>**पारिवारिक जमानत दिनेको** नाम : मौसम पौडेल<br>**ऋण बापत बुझाउनुपर्ने जम्मा रकम**<br>२२,०४,३१६।- | प्रथम पटक पत्रिकामा प्रकाशित<br>मिति : २०८०-०४-०७<br>दोस्रो पटक प्रकाशित<br>मिति :२०८०-१२-२५<br>तेस्रो पटक प्रकाशित<br>मिति :२०८१-०६-०५ |
| २. | नाम : रोशिका गुरुङ,<br>ठेगाना : अर्जुनधारा ४, झापा<br>ना. प्र. नं. : ५२२००६/२२६<br>बाबुको नाम :लुप्त ब. गुरुङ<br>बाजेको नाम :प्रकाश गुरुङ<br>पतिको नाम :टिकाराम दर्जी | जग्गाधनीको नाम :रोशिका गुरुङ<br>जग्गाधनीको बुबाको नाम :लुप्त ब. गुरुङ<br>पतिको नाम :टिकाराम दर्जी<br>बाजेको नाम : प्रकाश गुरुङ<br>जग्गा रहेको ठेगाना :पाराखोपी ५, झापा<br>कित्ता नं. : ५२६४/५४६७,<br>क्षेत्रफल : ३९३.६२ ब.मि. | ऋण लिएको मिति : २०७८/०१/१५<br>**पारिवारिक जमानत दिनेको** नाम : टिकाराम दर्जी<br>**ऋण बापत बुझाउनुपर्ने जम्मा रकम**<br>२६,२०,९४४।- | प्रथम पटक पत्रिकामा प्रकाशित<br>मिति : २०८०-०४-०७<br>दोस्रो पटक प्रकाशित<br>मिति :२०८०-१२-२५<br>तेस्रो पटक प्रकाशित<br>मिति :२०८१-०६-०५ |
| ३. | नाम: सचिन गोले,<br>ठेगाना : अर्जुनधारा १०, झापा<br>ना. प्र. नं. :२३१३६७७<br>बाबुको नाम : बिर ब. गोले<br>बाजेको नाम :धन ब. गोले<br>पत्नीको नाम :कृष्ण कुमारी तामाङ | जग्गाधनीको नाम:कृष्ण कुमारी तामाङ<br>जग्गाधनीको बुबाको नाम :पदम ब. तामाङ<br>बाजेको नाम :मान ब. तामाङ<br>पतिको नाम : सचिन गोले<br>जग्गा रहेको ठेगाना :धाइजन ६<br>कित्ता नं. : ४२३६,<br>क्षेत्रफल : ११ धुर | ऋण लिएको मिति : २०७८/०१/२१<br>**पारिवारिक जमानत दिनेको** नाम : कृष्ण कुमारी तामाङ<br>**ऋण बापत बुझाउनुपर्ने जम्मा रकम**<br>१३,०९,०४९।- | प्रथम पटक पत्रिकामा प्रकाशित<br>मिति : २०८०-०४-०७<br>दोस्रो पटक प्रकाशित<br>मिति :२०८१-०६-०५ |
| ४. | नाम : सुनिता तामाङ<br>ठेगाना : अर्जुनधारा ४<br>ना. प्र. नं. : ०४-०१-७२-११६३३<br>बाबुको नाम : देब बहादुर तामाङ<br>बाजेको नाम : दोर्जे बहादुर तामाङ<br>पति वा पत्नीको नाम : रमेश श्रेष्ठ | जग्गा धनीको नाम : सुनिता तामाङ<br>जग्गा धनीको बुबाको नाम : देब बहादुर तामाङ<br>बाजे/पतिको नाम : दोर्जे बहादुर तामाङ<br>जग्गा रहेको ठेगाना : पाराखोपी ६ / पाराखोपी ५<br>कित्ता नं. : ३०१६९ / ५२५७ / ५२५९<br>क्षेत्रफल : १८.७५ धुर | ऋण लिएको मिति : २०७९/०३/३०<br>**ऋण बापत बुझाउनुपर्ने जम्मा रकम**<br>१९,९३,५८०।- | प्रथम पटक पत्रिकामा प्रकाशित<br>मिति : २०८१-०६-०५ |

- लिलाम बोलपत्र सम्बन्धी शर्तहरु संस्थाको ऋण नीतिमा उल्लेख गरिएको धितो लिलामी सम्बन्धी व्यवस्था अनुसार हुनेछ ।
- शर्तहरु तथा जग्गाको न्यूनतम मूल्यको बारेमा कार्यालयमा सम्पर्क गर्नुहोला ।

**ऋण असुली समिति**

**आबद्ध बचत तथा ऋण सहकारी संस्था लि. विर्तामोड ५,, झापा,, फोनं. ०२३-५३६७०५**



## देउराली बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड-१, झापा

## साधारण सभा सम्बन्धी सूचना

यस देउराली बचत तथा ऋण संस्था लि. बिर्तामोड-१ झापाको अठारौ बार्षिक साधारण सभा संस्थाको निर्णय अनुसार यही मिति २०८१/९/१५ गते बिहान १० बजे मारवाडी सेवा समितिको हल शनि मन्दिर छेउ बिर्तामोड-१ मा हुने निश्चय भएको हुँदा सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई सूचना पठाउने तथा पत्राचार गर्ने कार्य भैरहेको छ । यदि कारणबश पत्र नपुगेमा यसै सूचनालाई आधार मानी उक्त दिन उपस्थित भईदिन हुन हार्दिक अनुरोध गर्दछु।

**प्रकाशचन्द्र बराल**

अध्यक्ष






## सार्वजनिक सेवा लिदा ध्यान दिऔं ।

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात/प्रक्रिया पुरा गरौं,
- नागरिक बडापत्रको प्रयोग गरौं,
- आधिकारिक सेवा प्रदायकबाट सेवा लिऔं,
- सेवा प्राप्त गर्दा आफैले लिऔं, विचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिहरूलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा गुनासो गरौ,
- अनियमितता र भ्रष्टाचार विरुद्ध उजुरी गरौं,
- सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रतिदिन अभिव्यक्ति

कविता

## म राजी छु !

• मनिषा पौडेल



एउटा बाचा, यो बन्धनमा बाँधिनु अगाडि
मलाई दिन सक्छौ त तिमी
साँच्चै भन त देश सम्झिएर फेरि
देशमै फर्किन सक्छौ त तिमी
म राजी छु
फेरि यो देश तिमी फर्किएर आउँछौ भने
म नेपाली हुनुमा मात्रै होइन
म नेपाली बनिरहनुमा गर्व गर्छु
तिमी पनि यो कुरालाई अपनाउँछौ भने
तिम्रै प्रतीक्षामा म सजिएर बस्न राजी छु
तिम्रै नामको शृङ्गारले रंगिएर बस्न राजी छु

हुन त सपना सजाउन
भविष्य बनाउन बिदेसिएका हौ
तिम्रो सपना मारेर आऊ भन्दिनँ म
भविष्य यसै अलपत्र पारेर आऊ भन्दिनँ म
म राजी छु
सपना पूरा गर्ने सम्भावना देशमै देखेर आउँछौ भने
गर्वले आफ्नो छातीमा म नेपाली लेखेर आउँछौ भने
तिमीसँगै झुपडीमा नै रमाउन राजी छु
नछोड्ने गरी हात तिम्रै समाउन राजी छु

मलाई तिमी हराएको देशभन्दा प्यारो
मेरै देशको सुगन्ध लाग्छ
बरु एक्लै बस्न किन नपरोस्
देशमै बस्न आनन्द लाग्छ
मलाई थाहा छ
देशको माया मनबाट तिमीले पनि हटाएको छैनौ
अझै उस्तै देशलाई सम्मान कति पनि घटाएको छैनौ
मुटु भतभती त तिम्रो पनि पोल्छ होला
देशकै मायाले पनि कति पिरोल्छ होला
लाग्छ होला मेरै देशको माटो टेक्न पाए हुने
उठ्दा आँखै अगाडि हिमाल टल्केको देख्न पाए हुने
म राजी छु
फुकाउँदै मनमा बाँधिएका प्रदेशका चाहनाहरू
मुस्कुराउँदै बिर्सिएर देश छोड्ने बहानाहरू
तिमी आफ्नो मनलाई सम्झाउन सक्छौ भने
अब आफ्नै देश फर्की आउन सक्छौ भने
हाँसी हाँसी जीवन सँगै बिताउन राजी छु
तिमी रित्तै आऊ म तिमीलाई अपनाउन राजी छु
अझै कति बोक्छौ त्यो पिआरको भारी
यहाँ जस्तै बिसाउने चौतारीहरू
त्यहाँ पनि छ होला र
फेरि बोक्नै नपर्ने गरी त्यो भारी
त्यहीँ छोड्न सजिलो नहोला र
म राजी छु
तिमी पिआरको भारी छोडेर आउन सक्छौ भने
म बाँकी जीवनको भारी उठाउन राजी छु
भारी हुनेछैन मेरो लागि
म हाम्रो जिम्मेवारी उठाउन राजी छु
खरले छाएकै भए पनि एउटा घर बनाउँला
नातागोता इष्टमित्र सबै अटाउने एउटा सहर बनाउँला
तिमीलाई फेरि बाबाआमाको काख मिल्नेछ
बा-आमालाई बुढेसकालमा तिम्रो साथ मिल्नेछ
म राजी छु
मलाई विदेशको कार्ड होइन
नेपाली हुने अधिकार दिन्छौ भने
तिम्रै नामको सिन्दूरले सिउँदो भर्न पनि राजी छु
माग्छौ भने जीवन नै बलिदान म मर्न पनि राजी छु।

---

## गजल



• धर्म निरौला

यो भीडभित्र धेरै कुरा, बुझ्न सकिएन
मुखमा जिब्रो हो कि छुरा, बुझ्न सकिएन

समय नै उस्तो हो कि ,तिमी त्यस्तो भयौ
रातो सिन्दुर , सेता चुरा, बुझ्न सकिएन

कहिले घर यता भन्छौ ,कहिले उता भन्छौ
बाजुरा कि डडेल्धुरा ? बुझ्न सकिएन

एकपछि अर्को गर्दै लुटिंदैछन् स्वप्नहरु
कहिले हुन्छ यो क्रम पूरा ,बुझ्न सकिएन ॥

*बुद्धशान्ति २ , झापा*

# आखिरमा ऊसँग मेरो लभ पर्‍यो !



• पदम भण्डारी

अफिसको एउटै कोठामा उसको र मेरो कार्यकक्ष थियो। टेबुलहरू पनि आमनेसामने। नहेरूँ भन्दा पनि उसको अनुहार देखिने। आक्कल झुक्कल भित्र-बाहिर गर्दा उसको अनुहार नियाल्थें। मान्छे त नेपाली नै हो तर झट्ट हेर्दा ऊ अरबियन जस्ती देखिन्छे।

अफिसको ढोकैमा भेटिंदा म उसका आँखा नियाल्थें। अनगिन्ती अनुहारसँग यी आँखाहरू ठोक्किन्छन्, तर केही खास अनुहारका खास आँखाहरूले मलाई तुरून्तै कैद गर्छन्। यसरी मेरा आँखालाई कैदी बनाउने अत्यन्त सीमित आँखामध्ये ती आँखाहरू पनि थिए। एउटै अफिसमा काम गर्नुअघि हामी बीच सामान्य चिनाजानी थियो।

धेरै वर्षअघि एउटा गोष्ठीमा हाम्रो भेट भएको थियो। म त्यो सामान्यलाई प्रगाढ बनाउने प्रयत्नमा थिइन् । म सामान्यलाई सामान्य नै रहिरहोस् भन्ने चाहन्थें। एउटा नजानिँदो आकर्षणको सिरिरि बतासले मलाई हल्का छोएझैं भान हुन्थ्यो, जसले उसलाई छुँदै आएको होला भन्ने लागेको थियो मलाई पनि। उसका बोलीको मधुरता, उसका हाउभाउको शिष्टता---। ओहो ! केही त छ उसमा। म अनुमानै गर्न सक्दिनथें उसका बारे। जहाँ त्यति चंचल हाउभाउ छ, त्यहाँ भारी गम्भिरता पनि छ किन? निर्दोष ती आँखाहरूमा बुझि नसकिने रहस्य भएझैं किन? तर असहज थियो त्यसरी एकाएक कसैमाथि गहिरो चासो राख्नु।

कसो कसो एकदिन सम्मुख पर्यो र मैले राम्ररी नियालैं ती चंचल अनि गम्भीर आँखाहरू। तत्क्षण मैले यो पनि भुलेछु कि हामी एक अर्कालाई त्यति धेरै चिन्दैनौं। मैले यो पनि बिर्सेछु कि कसैलाई एकोहोरो हेर्नु पनि लैङ्गिक हिंसा हो। म आफैलाई निकै अप्ठेरो र अचम्म लाग्यो र हठात् पछाडि फर्केर मेरा प्रिय आँखाहरूलाई भीडतर्फ कता हो कता हुत्याइदिएँ मैले। म पनि एक खालको हतप्रद भएँ र सम्हालिएँ।

मेरो मन र सोचाइँ एकातिर अनि व्यवहार र हेराइ अर्कोतिर छ भन्ने उसले अड्कल काटिहाली। निकैबेरपछि उसैले पछाडिबाट बोलाइन् । फर्केर हेरैं तिनै प्यारा दुई आँखाहरू थिए। अलिक अत्तालिएर उसले भनिन् -'डिस्टेन्स मेनटेन गर्न खोज्नु भएको हो? त्यसो भए ठीकै छ नि। कि अरूको डर मान्नु भएको हो?'

मैले हतारमै बनावटी कुरा गरैं-'होइन होइन। त्यस्तो केही होइन। मैले तपाईंलाई त्यसरी नियाल्न नहुने। अँ म विगतमा हराएछु त्यसैले।'

उसले मोबाइलमा सेट गरिराखेको नामतर्फ इंगित गर्दै भनिन्- 'मैले फोन गर्दा अर्कै थर आयो होला तपाईंको मोबाइलमा।'

मैले भनें- 'मैले तपाईंको नाम बिर्सिएछु।'

उसले भनिन्-'नाम बिर्सिनु भएको होएन। मेरो थर परिवर्तन भएको हो।'

मैले भनें- 'कुनै नवजवान ठिटोले नियालेजस्तो किन नियाल्छ यो मान्छेले जस्तो लाग्यो होला तपाईंलाई।'

उसले भनिन्-'प्रत्येक केटा मान्छेले केटी मान्छेलाई त्यसरी नै नियाल्छ। मैले राम्ररी बुझेकी छु। त्यस्ता कुराले मलाई लज्जित बनाउँदैन।'

लेख्ने बानी भएकोले कहीँ कतै केही गतिलो विषय मिल्छ कि त्यो पनि केटीकै बारेमा एक यथार्थ भोगाई! मेरो स्वार्थ भनेपनि जे भनेपनि त्यति नै थियो उसको बारेको चासो।

उसले भनिन्-'कहाँ हराउनु भयो? अर्कै दुनियाँमा पुग्नुभयो जस्तो छ।'

मैले भनें-'मनको कुरा कसरी थाहा पाउनु भयो?'

उसले भनिन्- 'पुरूषवादी सौंचका बारेमा पनि चाल पाउँछु मैले।'

मैले धेरै बोल्ने आँट गरिनँ।

भोलिपल्ट समयमै अफिस पुगें। अफिस भनेपनि प्रायः फिल्डमै कुद्नु पर्ने हो तर त्यस दिन कतै जाने कार्यक्रम थिएन। भर्खर अफिसले किनेको स्कुटरमा हुइकिएर ऊ पनि अफिस आइपुगिन्।

यसो नियालिन् र भनिन्-'गुड मर्निङ सर!'

मेरो पुरुषवादी सौंच हाबी भएछ। 'गुड मर्निङ सर!' भनेको ठाउँमा अलि अर्कै सुनेछु। झट्ट यथार्थ धरातलमा फर्केछु। आफ्नै मनलाई एकपटक गाली गरैं र जवाफ दिएँ-'गुड मर्निङ!'

धेरै दिन फिल्डतिर भएकोले अफिसमा काम थुप्रिएको थियो। काम गरैं तर काममा लगन भएन। मेरो ध्यान भंग भयो। दिनभर डिस्टर्ब भएको महसुस भयो। मलाई अलिक एकान्त चाहिएको, जब अफिस समय गुज्रियो हत्तपत्त ब्यागमा डायरी, पेन र ल्यापटप राखेर बाहिर निस्किएँ।

उसले मलाई रोक्ने प्रयास गरिन् र भनिन्- 'एकछिन पर्खनु है म पनि संगै निस्कन्छु।'

केटीप्रतिको आकर्षण त थियो नै, समय पनि कटाउनु थियो। मलाई अलिक अप्ठेरो महसुस भैरहेको थियो तापनि 'हुन्छ नि' भनेर पर्खिएँ।

आज ऊ अलि बढी नै नजिक हुन खोजेकी जस्तो लाग्दै थियो। सामान्य कुराकानी भयो। कुरो सामान्य थियो तापनि एकदिनको सामिप्यताले पछि कस्तो असर पर्छ भन्ने उसले पनि बुझेकी थिइन् अनि मैले पनि बुझेको थिएँ। एकछिन फेरि नियालें उसका ती प्यारा आँखाहरू। असाध्यै निर्दोष, असाध्यै गम्भीर तर चंचल। सायद मैले जिन्दगीमा पहिलोपटक यस्ता आँखाहरू भेटैं हुँला जो एकसाथ गम्भीर र चंचल छन्। मैले अनुमान लगाइसकेको छु कि ऊ जति साधारण देखिन्छे त्यति ऊ छैन। उसभित्र केही हुर्हुराउँदो मुस्लो, केही उकुसमुकुसका गुम्फनहरू, केही कहालिलाग्दा विगतहरू र केही उच्च आकांक्षाहरू जबरजस्ती दबाइएका अवश्य छन्। उसको उद्देश्य पनि जीवनका तिनै पत्र केही उधिन्ने, सुनाउने र मनको बोझ अलिक हलुको बनाउने बाहेक बढी थिएन होला। मेरो पनि उसको जीवनको कथा आफूले सुनिदिएर आफ्नो गतिलो कथा तयार पार्ने बाहेक बढी थिएन, तर मेरो पुरूषवादी सौंचले त्यतिमात्र ठानेन।

उसले म लेख्छु भन्ने कुरा कहाँबाट थाहा पाइछ कुन्नी भन्दै थिइन्- 'तपाईंले दुई/तीनवटा किताब लेख्नु भएको छ रे। कहिले दिने मलाई पढ्न? महिलाहरू जो अझै दबिएका छन्, हेपिएका छन्, मसंग त्यस्ता थुप्रै घटनाहरू छन्, तिनीहरूको बारेमा लेख्नुहोला। मलाई पनि आफ्ना दुःख बाँड्न पाए हलुका महसुस हुन्छ।'

मैले भनें- 'तपाईं एकदम चलाख हुनुहुन्छ। मलाई आफ्नो दुःख बिसाउने थलो बनाउँदै हुनुहुन्छ।'

उसले भनिन्- 'तपाईंजस्तो सिरियस पनि हुनुहुँदैन है। जीवन त रमाइलोसँग बिताउनु पर्‍यो नि। जहिले पनि टेन्सन लिएर के गर्नु भनेको नि।'

यसरी धेरै दिन बिते। हामी नजिकियौं। पछि-पछि त मैले उसलाई अफिसमा देखिन भने नरमाइलो अनुभूति हुन थाल्यो। मेरो गम्भिरपन बढ्दै गएको थियो भने उसको चञ्चलपन पनि बढ्दै गएको थियो। ऊ तपाईबाट 'हजुर' मा बढुवा भएकी थिइन् भने म तपाईंबाट 'तिमी' मा झरेको थिएँ। अहिले उसको जागिर सकियो र घर फर्किइन् । तर पनि हामीबीच फोनमा लामो वार्तालाप हुन्छ। ऊप्रति राखेको चासोले मलाई खुसी बनाउँछ। उसको अनुपस्थितिले दुःखी बनाउँछ। मेरो पुरूषवादी भावना उसले राम्ररी बुझेकी छे। त्यसैले सुरूका दिनहरूमा मलाई वशमा पार्न ऊ जति नजिकिएकी थिइन् , अहिले त्यति छैन। फोनमा मलाई खुसी पार्न मात्र लोकाचार पार्छे उसले।उसको बारेमा उपन्यास बनाउँछु भनेको त्यस कुरामा त ऊ सहमत भइन् तर कृपया कतै पनि त्यो पात्र म हुँ भनेर नखुलाउनुहोला भनेकी छे।

मैले पनि उसका जीवनका घटनाहरू लिपिबद्ध गर्न थालेको छु। उसको जीवनको गन्तव्य भेटाउन म कोलम्बस बन्ने प्रयत्न गर्दैछु, हठात् कतै अमेरिका पत्ता लागिहाल्छ कि भनेर। अफिसमा फूर्सद पायो कि उपन्यास लेख्ने बहानामा उसैको चिन्तन गर्न थालेको छु। उसको कहालिलाग्दो जीवन कथा रोमाञ्चक बनाउने धुनमा लाग्दा लाग्दै आखिरमा उसंग मेरो लभ पर्यो। तर त्यो लभ एकोहोरो छ मलाई थाहा छ तापनि लभ गर्न छोडेको छैन।

# ट्रेकिङवाली नै सासा आत्रेय पो रहिछ!



• रामचन्द्र अधिकारी

'मेन्दो साइबर क्याफे विथ हट कफी' कोटेश्वर चोक नपुग्दै आँखाहरूले एउटा अनौठो नामको साइबर क्याफे र कफी 'फ्री' वाला स्किममा नजर दौडाए।

मन भर्खर भर्खर खोलेको फेसबुकमा अल्झियो भने जिब्रो कालो कफीको स्वादमा अड्कियो। उक्त मेन्दो क्याफेमा मूल्य अन्यत्रभन्दा कम थियो भने साइबर क्याफेमा बस्न पाइने समय एक घण्टा नै बढी थियो। खल्तीमा बिस रुपैयाँ भएको 'कन्फर्म' भएपछि म लुसुक्क साइबर क्याफे छिरैं।

फेसबुकको पासवर्ड बिर्सिसकेछु। पासवर्ड सोच्दै होइन, सम्झँदै थिएँ।

'सर! हट कफी' भन्दै एउटी राजकुमारीले पर्दा उघारेर बाफ उडिरहेको कालो कफी टेबुलमा राखिदिएर तुरुन्तै ओझेल परिहाली। उसको अति लामो कपाल देख्नेबित्तिकै मलाई रापुन्जेलको याद आएको थियो। मेरो बदलामा कुनै सौन्दर्यशास्त्री त्यहाँ हुन्थ्यो भने रापुन्जेलको खुट्टाको नङको पनि सौन्दर्य शास्त्रीय विचार व्यक्त गर्न सक्थ्यो। उसले नारी सौन्दर्यका अनेकौं आयामहरू केवल रापुन्जेललाई देखेपछि मात्रै 'तत्वज्ञान' झैं फुरेको रहस्य आफैले आफैलाई बताउने थियो, सायद।

सिकरकटेरीको 'स्पेलिङ' होसियारीपूर्वक हानेपछि फेसबुक 'लगअन' भयो। फेसबुक चलाउन खसखस लाग्नुमा अरू केही नयाँ उत्साह थिएन। केही महिना अगाडि एउटी अपरिचित 'फिमेल' मित्रले मलाई 'फ्रेन्ड रिक्वेस्ट' पठाएकी थिइन्। म उनको फेसबुक भित्र छिरैं। फेक आइडी नभएकोमा ढुक्क भएँ। झटपट माउसले 'कन्फर्म' क्लिक गरैं। फेसबुकले नोटिफिकेसनमा लेखिदियो- 'यु एन्ड सासा आत्रेय नाउ फ्रेन्डा।'

'बैंसमा स्याल पनि त घोर्ले' भने झैं फेसबुकको सासा 'डेस्कटप' को पर्दामा पूर्णिमाको जूनजस्तै खुलेकी थिई। मैले एक घण्टा सासाकै फेसबुकमा भएका फोटाहरू हेरेर बिताएँ। म्यासेज पठाउन मन भएर पनि पठाइनँ। अंग्रेजीको 'फस्ट इम्प्रेसन इज लास्ट इम्प्रेसन' सम्झिएँ।

पहिलो मेसेज 'हाई' लेखी पठाउनु चरम परम्परागत शैली पर्न जान्थ्यो। मैले फस्ट इम्प्रेसन वाला मेसेज के लेख्ने भनेर सोच्दासोच्दै क्याफेले समय सक्किएको जनाउ दियो।

त्यसको लगत्तै मलाई साइबर क्याफे छिर्ने फुर्सद नै मिलेन। घरीघरी त २० रुपैयाँले तातो एक प्लेट बफ मःम खाइदिन्थें।

तर फेरि कता-कता उहीँ सासा आत्रेयको याद आउँथ्यो।

'म तपाईंलाई चिन्छु नि,' सासाको यस पटक म्यासेज आएको थियो।

मैले खुसीको चरम सीमा नाघैं। तर सासा आत्रेय म पहिलो पटक नाम सुन्दै थिएँ। मलाई लाग्यो सासा मसँग जिस्कने मुडमा थिई। मैले पनि लेखिदिएँ- 'म पनि सासालाई चिन्दछु।'

ऊ अफलाइन थिई। मैले 'तपाईं कति बेला अनलाइन आउनुहुन्छ?' भनेर पनि पठाएँ।

सासाले फेसबुकको 'बायो'मा लेखेकी थिई- 'घुमन्ते'। पछिल्लो फोटो भारतको 'मुगलसराय' रेल स्टेसनमा रेल कुर्दै भनेर 'क्याप्सन' लेखेकी थिई। फोटो झनै राम्रो थियो। एउटा लाइक बटम दबाएँ। कमेन्ट त गर्न हुन्थ्यो तर 'ब्युटिफुल' लेख्न मनले मानेन।

त्यसको लगत्तै सासाले मलाई प्रतिप्रश्न गरेकी थिई- 'तपाईं मलाई चिन्नु हुन्छ भने हाम्रो मुलाकात कहाँ भएको थियो?'

मसँग त्यसको जवाफ थिएन। मैले जिस्किएर भनेको भने पनि उसले फेरि भनी, 'म तपाईंलाई चिन्दछु।'

त्यसपछि हाम्रो बातचित हुन छोड्यो। साँच्चै भन्नुपर्दा म साइबर क्याफे धाउन छोडैं। सासाले म्यासेजमा भनेकी थिई- 'तपाईंसँग हेलम्बु ट्रेकिङ रुटमा मुलाकात मात्रै भएन, तपाईंको रुममा मलाई ज्वरो आएर एक हप्ता बसेको बिर्सनु भयो?'

कौशलटारमा बिहान छ नबज्दै ब्युँझिएको थिएँ। तर पुसको जाडोमा पनि गगनबाट झमझम पानी बर्सिरहेको थियो। कोठाको मालिक अर्थात् गाउँले भाइले पनि यस्तो पानीमा हेलम्बु नजान 'सजेस्ट' गर्‍यो र क्याम्पस हिँड्यो। फेरि एक निद्रा सुतेछु। पानी थामिएन। जेनतेन उठेर कौशलटार चोक पुगैं। 'हेलम्बु एक्सप्रेस' गाडी समातैं।

हेलम्बुको तिम्बु बजारमा पुगेर बस्न पाएँ, बिहानै उठेर हिँड्दा नाकुतेको पेमा स्कुल पढाउन पुग्थें। जिरो किलो कटेपछि पानी रोकियो। ग्याल्थुममा पुग्दा दिउँसो तीन बज्यो। चौकेटेको होटेलको खानामा विशेष स्वाद पाइन्थ्यो। भोक राम्रैसँग लागेको थियो। गाडी तिम्बु पुगिसकेछ। म भुसुक्कै निदाएछु।

तिम्बु बजारमा नबसी 'दोरिङ' पुग्न हिँडैं। दोरिङ पुग्न पाए बिहानको बाटो छोटिन्थ्यो। तिम्बु बजारमा धेरै रात कटाए पनि दोरिङमा रातको पहिलो बास बस्न जाँदै थिएँ। पेमा दाइ चिनेकै 'आदमी' थिए। निकै परबाट विदेशी पर्यटकहरू ग्रुपमा आगो बालेर तापिरहेका थिए। मनमा भय उत्पन्न भयो। दोरिङमा सुत्न नपाए न नाकोते पुगिन्थ्यो न तिम्बु झर्न। दोरिङ लगत्तै आउने जंगलमा राति होइन बिहान/दिउँसो हिँड्न पनि डरमर्दो नै थियो। भालुले मान्छे खाएको किस्सा काल्पनिक होइन, वास्तविक थियो।

पेमा दाइले हार्न सकेनन्। होटेलका सहयोगीको अति सानो रुममा सुत्ने व्यवस्था मिलाइदिए। तिम्बु बजारमा नबसेकोमा थकथकी लाग्यो। हेलम्बुको पुसको जाडोलाई उपमा दिने शब्दहरू थिएनन्। युरोपका पर्यटकहरू पनि जाडोले आक्रान्त थिए। मनमा अनेकन् तर्कना चल्दै थिए। ढोकामा ढक्-ढक् आवाज आएपछि मेरो निद्रा भंग भयो। ढोकामा पेमा दाइ र ट्रेकिङको लुगा र जुत्तामा सजिएकी 'मासुम लडकी' थिई। उसको अनुहारमा भय लतपतिएको थियो। पेमा दाइले तपाईं 'रोङ्बा'हरू जसरी पनि मिलेर सुत्नुस् भन्ने आदेश दिए। शेर्पाहरूले गैर शेर्पालाई रोङ्बा भन्छन्। पेमा दाइले म र ट्रेकिङवालीलाई फेरि पनि सँगै मिलेर सुत्नुस् भन्दै तुरुन्तै अलप भए।

मैले ट्रेकिङवालीलाई बस्न खाटमा अलिकति ठाउँ बनाइदिएँ। उसले बसेर ज्याकेट र 'ट्रेकिङ सुज' फुकाली। मोजाको गन्ध मेट्न तुरुन्तै कुनै बास्ना आउने चिज हाली। कोठा मगमग बास्नाले भरियो। हामीले परिचय पनि साटासाट गरेनौं। अति संकुचित ओछ्यानमा हामी मिलेर सुत्यौं।

बिहान छ बजे मोबाइलमा 'अलार्म' बज्यो। पेमा दाइ उठिसकेका थिए। हिसाबमा राति खाना खाएको मात्रै पैसा लिए। ट्रेकिङवालीलाई 'लौ म लागैं, रातिको निद्रा पुगेन पक्कै। अनजानमा गल्ती भएको भए माफ पाऊँ।'तर ट्रेकिङवालीको गहभरि आँसु थिए। उसले पिन्चे स्वरमा भनी, 'मलाई हनहनती ज्वरो आएको छ, मलाई सँगै लैजानुस् न प्लिजा।'

उसलाई तिम्बु बजारमा पुगेर काठमाडौं जाने गाडी चढ्न दिएको सुझाव मानिन र भनी, 'मलाई यस पटक गोसाईंकुण्ड पुग्नु छ।'

ट्रेकिङवाली जब्बर थिई।

हामीले दोरिङ छोड्यौं। पेमा दाइले शेर्पा भाषामा आफ्नी जहानलाई हाम्रो बारे केही भन्दै थिए। काठमाडौं घर भएकी मान्छे कसरी छिटो हिँड्न सक्थी, फेरि ज्वरो साथमा छँदै थियो। सर्कथली पुग्नै दुई घण्टा लाग्यो। बाटोमा चिया पियौं। ट्रेकिङवाली हात समातेर मात्रै हिँड्न थाली। सर्कथलीबाट ठाडो उकालोमा बोकैं पनि। मलाई ट्रेकिङवाली टोक्नु न बोक्नु भयो। बाटोमा मेरा विद्यार्थीहरू कर्मा, मिङ्मार र ग्याल्जेन भेटिए। 'राम सरले बिहे गरेछ,' सबैले आफ्नो भाषामा भने।

नाकुते पुग्दा हामीलाई बधाई दिनेको ओइरो लाग्यो।

ट्रेकिङवाली वाल्ल परी। हामीलाई नाकुतेबासीले नवदम्पती नै माने। ट्रेकिङवाली तङ्ग्रिँदै गई। म निरन्तर स्कुल जाने आउने पुरानै कर्ममा रमाउन थालैं।

शनिवार बिहान म सधैंको जस्तै अबेला उठैं। बिदाको दिन आफ्नै मनमौजमा बिताउँथें। तर ट्रेकिङवालीले आफ्नो बाटो तताइछ। नाकुतेमा फेरि 'राम सरकी जहान पोइल हिँडी' भनेर व्यापक होहल्ला भयो। म मनमनै हाँसिरहैं।

ट्रेकिङवालीले किन केही नभनी हिँडी? मानसपटलमा यहीँ प्रश्न घुमिरह्यो।

नौ वर्ष बितेछ।

ट्रेकिङवाली 'सासा' नै पो रहिछे। मेन्दो क्याफेबाट निस्कँदै गर्दा सासासँग दोस्रो मुलाकात तय भइसकेको थियो। म फुरुक्कै फुर्किएँ। मनमनै लाग्यो, अबको मुलाकात 'स्पेसल' बनाउनु छ।

## सुगम शान्ति टोलमा सडक स्तरोन्नति कार्य

बिर्तामोड(प्रस) । बिर्तामोड नगरपालिका वडा नम्बर ६ सुगम शान्ति टोलस्थित रोड नम्बर ५ को सडक स्तरोन्नति कार्य धमाधम भइरहेको छ ।

नगरपालिकाको १० लाख र



स्थानीय उपभोक्ताको २ लाख ४८ हजार ८७५ रुपैयाँ लागत साझेदारी गरी कुल १२ लाख ४८ हजार ८७५ रुपैयाँमा १ सय मिटर लम्बाई र १६ फुट चौडाई ( प्लमको भागबाहेक) सडकको स्तरोन्नति कार्य भइरहेको हो ।

सडकको दुबैतर्फ प्लम निर्माण कार्य सम्पन्न भएको छ । अबको एक हप्तापछि पेवर्स लगाउने कार्य सुरु हुने उपभोक्ता समितिका अध्यक्ष गोकुल श्रेष्ठले जानकारी दिए ।सडकको निर्माण सम्पन्न गर्नु पर्ने अन्तिम म्याद आगामी माघ ३० गतेसम्म रहेको छ । बिर्तामोड नगरपालिकामा साना तथा ठुला दर्जनौ योजनाहरु सञ्चालनमा छन् ।

# जाडोमा छालाको समस्या र स्याहार गर्ने तरिका



पुस लागेसँगै जाडो अत्यधिक बढिसकेको छ । यस याममा जोडबाट जोगिन र छालाको स्याहार गर्न बढी सतर्कता आवश्यक हुन्छ । विज्ञहरूका अनुसार जाडोमा टाउकादेखि पैतालासम्मका सबै अङ्ग चिसोबाट प्रभावित हुन पुग्छन्, त्यसैले आवश्यक सतर्कता नअपनाए समस्या हुनसक्छ । निजामती अस्पतालका छाला तथा यौन रोग विशेषज्ञ डा प्रज्जवल पुडासैनीका अनुसार जाडो मौसममा हावामा आद्रता (ह्युमिडिटी) कम हुने भएकाले छाला बढी सुक्खा हुन्छ । "हत्केला तथा पैतालामा तेल निकाल्ने ग्रन्थी (सिवेसियस ग्लान्ड) एकदम कम हुन्छ । त्यसैले छालामा ओस (मोस्चइर) प्रदान गर्ने चिल्लो कम हुँदा छाला सुक्खा हुन्छ", उनले भने ।

जाडो महिनामा विशेष गरी सुक्खा हावाको प्रभावले कपाल सुक्खा हुने, टुट्ने र चायाँ पनि अत्यधिक पर्ने डा पुडासैनीको भनाइ छ । उनी भन्छन्, "शरीरको प्राकृतिक तेल कम भएर सुक्खापना आउने (जेरोटिक एक्जिमा) ले छाला सुन्निने, चिलाउने, पोल्ने, पानी फोका आउने, बिमिरा आउने, पाक्नेलगायत समस्या आउन सक्छन् । एटोपिक एक्जिमा हुन सक्छ, जसले छालामा एलर्जी गराउने हुन्छ । हात खुट्टाका औंला चिलाउने, सुन्निने समस्या 'चिल्बिलेन्स' पनि बढी देखिन्छ ।"

जाडोमा एलर्जीको समस्या पनि बढी देखिने चिकित्सकहरू बताउँछन् । एलर्जी बढ्नुको मुख्य कारण जाडोमा छाला फुट्ने र सङ्क्रमण हुनु हो । डा पुडासैनीले भने, "जाडोमा बढी देखिने 'सोरायसिस' पनि हो, जसलाई कत्ले रोग पनि भनिन्छ । कुहिना, ढाड, घुँडा, कपालमा फुरफुर फुस्रो खालको छालाको पत्र कत्ला निस्किने हुन्छ । जाडोमा डन्डिफोर पनि बढ्छ । छाला सुक्खा भएर प्राकृतिक रूपमा तेल निकाल्ने ग्रन्थी (सिबेसियस ग्लान्ड) झन् सक्रिय हुन्छ जसले गर्दा डन्डिफोर आउँछ ।"

वीर अस्पतालकी छाला तथा यौन रोग विशेषज्ञ प्रा डा अनुपमा कार्की जाडो मौसममा बहिरङ्ग सेवा (ओपिडी) मा धेरैजसो छाला सुक्खा हुने, एलर्जी हुने, छाला खस्रो हुने, फुट्नेलगायत समस्या लिएर आउने गरेको बताउनुहुन्छ । जाडोमा सरसफाइको कमीले छालाको समस्या बढ्ने उनको भनाइ छ । "प्रायः मान्छे जाडोमा कम नुहाउँछन् । लुगा फेर्न अल्छी गर्छन् । समय–समयमा सिरक, डसना घाममा सुकाउँदैनन् । त्यसैले लुतोको समस्या लिएर आउने बिरामी पनि छन्", उनी भन्छन् ।

जाडोमा छालाको बाथको समस्याका साथै कसैलाई घामको एलर्जी (फोटो डर्माटाइटिस) हुन सक्ने डा कार्कीले बताए । "जाडोमा कपडाले नढाकिएको छालाको भाग हात, खुट्टा, नाकको टुप्पा, कानको छालामा रगत प्रवाह गर्ने नसा खुम्चिएर दुख्ने, सुन्निने समस्यासमेत आउनसक्छ । जाडोमा 'रोजासिया' ले रातोपना, फोका आउने, चिलाउने, पोल्ने समस्या पनि देखिन सक्छन्", उनले भने ।

जाडोमा छालाको स्याहार गर्न बेला–बेलामा मोस्चराइजर लगाउनु नै सबैभन्दा राम्रो उपाय रहेको डा पुडासैनीको सुझाव छ । "चिसोमा जाँदा सकेसम्म अनुहार छोप्ने, बाइक चलाउँदा भाइजर लगाउने, मास्क, क्याप, पञ्जा, मोजा लगाउने गर्नुपर्छ । नुहाउँदा मनतातो पानीमा नुहाउनुपर्छ । नुहाइसकेपछि अलि–अलि भिजेको छालामा नरिवलको तेल, जैतुनको तेल वा भ्यासलिन जे उपलब्ध छ, त्यो लगाउनु उपयुक्त हुन्छ । नियमित व्यायाम तथा पौष्टिक आहारले पनि छाला स्वस्थ्य राख्न मद्दत पुर्‍याउँछ", उनले सुझाए ।

डा कार्की छाला राम्रो बनाउन पानी तथा फलफूल प्रशस्त खानुपर्ने बताउँछन् । अधिकांशले जाडोमा पानी कम पिउनाले पछि छाला सुक्खा हुने र खुम्चिने हुन सक्ने बताउँदै उनी भन्छन्, "पानी प्रशस्त पिउनुपर्छ । कडा खालको सुक्खा बनाउने फेसवास, ह्यान्ड वास प्रयोग गर्नुहुँदैन । सनब्लक क्रिम तथा मोस्चराइजर अनिवार्य लगाउने गर्नुपर्छ । धेरै तातोपानीको प्रयोग गर्नुहुँदैन, यसले थप छाला सुक्खा बनाउँछ । छालासम्बन्धी केही समस्या आए छालारोग विशेषज्ञसँग सल्लाह लिनुपर्छ ।"

## सूचीकरण ढिला हुँदा सुविधाबाट किसान वञ्चित

झापा(प्रस)।किसानको सूचीकरण नहुँदा वास्तविक किसान सेवा सुविधाबाट वञ्चित हुनु परेको गुनासो गरेका छन् । किसानलाई सूचीकरण गर्ने प्रक्रिया अगाडि बढाउन ढिलाइ हुँदा किसान परिचयपत्रका आधारमा किसानले पाउने अनुदानलगायतका सेवा सुविधाबाट वञ्चित हुनु परेको किसानले गुनासो गरेका हुन् । राष्ट्रिय किसान आयोगले तीन वटै तहका सरकारलाई किसान गैरकिसानहरूको हालीमुहाली भएको बताएका छन् । राज्यले नै किसान सूचीकरण गरी किसान परिचयपत्रका आधारमा अनुदान सेवा, सुविधा उपलब्ध गराउने योजना भए पनि सूचीकरण प्रक्रियामा ढिलाइ हुँदा सुविधा पाउनबाट वञ्चित हुनु परेको राष्ट्रिय किसान आयोगका सदस्य टेकबहादुर बोगटीले बताए । उनले भने, "आयोगले कार्यान्वयन गराउन तिनै तहका



सूचीकरणको प्रभावकारी कार्यान्वयनका लागि देशव्यापी रूपमा छलफल चलाउँदै आएको छ ।

कोशी प्रदेशका अगुवा किसानहरू र सरोकारवालाबिच भएको अन्तरक्रिया कार्यक्रममा वास्तविक किसानहरूले अझै पनि राज्यबाट पाउने सेवा सुविधा नपाएको बताएका छन् । अन्तरक्रियामा कोशी प्रदेशका अगुवा किसानहरूले किसान परिचयपत्र नपाउँदा सरकारलाई झकझकाइरहेको छ । किसानको हक, हित र अधिकारको सम्बन्धमा किसान परिचयपत्र आवश्यक रहेको छ ।" किसान सूचीकरण गराउन संघीय, प्रदेश र स्थानीय सरकारको महत्वपूर्ण भूमिका हुने हुँदा सूचीकरण प्रभावकारी कार्यान्वयनका लागि आयोगले स्थानीय, प्रदेश र संघीय सरकारका प्रतिनिधि र अगुवा किसानसँग अन्तरक्रिया गर्दै आएको उनको भनाइ छ ।

## जसपा नेपाल प्रचार विभागको पदाधिकारी चयन



झापा(प्रस)। जनता समाजवादी पार्टी, नेपालको प्रचारप्रसार तथा प्रकाशन विभागको बैठकले केन्द्रीय पदाधिकारी चयन गरेको छ । पार्टी केन्द्रीय कार्यालय बालकुमारीमा शनिबार बसेको विभागको बैठकले दुई जना पदाधिकारी चयन गर्दै विभागलाई पूर्णता दिएको छ ।
जसपा नेपालका केन्द्रीय सचिव शैलेन्द्र साहको उपस्थितिमा पूर्णबहादुर बस्नेत प्रमुख रहेको उक्त बैठकले उपप्रमुखमा शम्भु झा, सचिवमा देवबहादुर दुरालाई मनोनयन गरेको छ ।
गत जेष्ठमा जनकपुरमा सम्पन्न पार्टीको महाधिवेशनपछि प्रथम पटक बसेको प्रचार विभागको बैठकले प्रदेश, जिल्ला र पालिका स्तरमा प्रचार विभाग गठन गरी देशब्यापी रुपमा त्यसलाई अझ प्रभावकारी र व्यवस्थित गर्ने निर्णय गरेको छ ।

## औद्योगिक सुरक्षाका लागि सरकार गम्भीर छ : मुख्यमन्त्री कार्की

झापा(प्रस) । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले औद्योगिक क्षेत्रले भोग्नु परेको समस्या र औद्योगिक सुरक्षाका विषयमा सरकार गम्भीर रहेको बताएका छन् ।

सुनसरीको इटहरीमा उद्योग सङ्गठन मोरङले आयोजना गरेको 'व्यावसायिक सुरक्षा र स्वास्थ्य व्यवस्थापन प्रणाली' विषयक गोष्ठीमा उनले उद्योग क्षेत्रको



विकासका लागि प्रदेश सरकारले निजी क्षेत्रसँग सहकार्य गरिरहेको बताए ।
मुख्यमन्त्री कार्कीले औद्योगिक क्षेत्रका समस्या समाधान गर्दै औद्योगिक कामदारले भोग्नुपरेका समस्याबारे गोष्ठीको निष्कर्षले थप मद्दत पुग्ने विश्वास व्यक्त गरे । उनले लगानी सम्मेलन सफल बनाउन उद्योगी व्यवसायीको सल्लाह र सुझाव महत्वपूर्ण हुने भएकाले सो विषयमा पनि सकारात्मक सहयोग प्राप्त हुने अपेक्षा राखे ।

## विद्यार्थीको विवरण अद्यावधिक गराउन निर्देशन




झापा(प्रस)। शिक्षा तथा मानवस्रोत विकास केन्द्रले एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा विद्यार्थीको विवरण अद्यावधिक गराउन कक्षा ११ र १२ का विद्यार्थीको विवरण अद्यावधिक गराउन देशभरका पालिकाका शिक्षा शाखालाई निर्देशन दिएको छ ।
केन्द्रले देशभरका पालिकालाई पत्राचार गर्दै यही पुस २२ गतेभित्र कक्षा ११ र १२ मा पढ्ने विद्यार्थीको विवरण अनलाइनमार्फत अद्यावधिक गराउन निर्देशन दिएको हो ।
केन्द्रले वैकल्पिक शिक्षा प्रणालिबाट भर्ना हुन आएका विद्यार्थी, बिचमा विद्यालय छोडेर पुनःभर्ना हुन आएका विद्यार्थी, विगत वर्षमा प्रणालीमा विवरण अभिलिखित नभएका विद्यार्थी, विदेशी नागरिकका बालबालिका विद्यार्थीहरूको विवरणसमेत समावेश गरी अद्यावधिक गराउदै विवरण पेश गर्न केन्द्रले सबै पालिकालाई भनेको हो ।

## कार्यकक्षमै प्रहरी जवानले आफैमाथि गोली चलाए

झापा(प्रस)। जिल्ला प्रहरी कार्यालय कञ्चनपुरमा कार्यरत प्रहरी जवानले आफैमाथि गोली चलाएका छन्। शुक्रबार साँझ २१ वर्षीय प्रहरी जवान चक्रप्रसाद न्यौपानेले कार्यकक्षभित्रै पेस्तोलले आफ्नै टाउकोमा गोली प्रहार गरेका हुन्। एक्लै थिए,' जिल्ला प्रहरी डिएसपी जोशीले भने, 'टाउकोबाट रगत बगिरहेको थियो, घाइते अवस्थामा थिए।'
डिएसपी जोशीका अनुसार घाइते भएको जानकारी पाइएपछि उनलाई तत्कालै उपचारका लागि महाकाली



टाउकोमा गोली लागेका न्यौपानेको बाँकेको कोहलपुरस्थित मेडिकल कलेजमा उपचार भइरहेको छ।
जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक उमेश जोशीले न्यौपानेको स्वास्थ्य अवस्था मध्यम रहेको बताए। 'प्रबन्ध शाखामा गोली चलेको आवाज आयो, उनी त्यहाँ अस्पताल पुऱ्याइएको थियो। त्यहाँ उपचार सम्भव नभएपछि कैलालीको धनगढी हुँदै बाँकेको कोहलपुर पुऱ्याइएको छ।
न्यौपानेले के कति कारणले गोली चलाएका हुन् भन्नेबारे अनुसन्धान भइरहेको डिएसपी जोशीको भनाइ छ ।

## कांग्रेसको झापा गाउँ समितिको भेला

बिर्तामोड (प्रस) । नेपाली कांग्रेस झापा गाउँ समितिको भेला शनिवार सम्पन्न भएको छ । एकसय दिने विशेष सांगठनिक अभियानअन्तर्गत गाउँ-नगर अभियान सफलतापूर्वक भैरहेको बताउँदै ४९ औ राष्ट्रिय मेलमिलाप दिवसको अवसर पारेर जिल्ला भेलाको आयोजना गरिएको जानकारी दिए ।




भेलालाई निरन्तरता दिने क्रममा गाउँ भेला सम्पन्न भएको हो । भेलाको उद्‌घाटन गर्दै कार्यक्रमका प्रमुख अतिथि नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेबेले झापामा विशेष सांगठनिक कार्यक्रममा जिल्ला प्रतिनिधि एवं पूर्व जिल्ला सचिव दयानन्द गोश्वामी, कोशी प्रदेश सांसद लख्खी गणेश , नेपाली कांग्रेस कोशी प्रदेश समिति सदस्य उत्तम चम्लागाई, जिल्ला सदस्य शिव कँडेल, ४ नम्बर क्षेत्रीय सभापति जयनारायण शाह, गाउँपालिकाका कार्यबाहक अध्यक्ष अन्जुदेबी थपलियालगायतले शुभकामना मन्तव्य राखेका थिए ।कार्यक्रममा १ नम्बर वडाध्यक्ष राजकुमार यादव, वडा नम्बर-२ का पार्टी सभापति , वडा नम्बर -३ का सभापति रामराज गणेश, ४ का वडा सभापति फरमान अन्सारी, ५ का वडा सचिव , ६ का वडा सभापति मोहन मिश्र, ७ का वडा सभापति तेजबहादुर श्रेष्ठलगायतले वडामा पार्टीको सांगठनिक अवस्था, पार्टीका जनप्रतिनिधि भएको वडा एवं पालिकामा भएका बिकास निर्माणका पहल र आवश्यकताबारे आ-आफ्नो धारणा राखेका थिए ।
नेपाली कांग्रेस झापा गाउँ समितिका सभापति सागिरथ गणेशको सभापतित्वमा सम्पन्न कार्यक्रममा स्वागत ठमनाथ नेपालले गरेका थिए भने संचालन मोहन मिश्रले गरेका थिए ।

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष**: नयाँ वस्त्र, अलङ्कारको प्राप्ति हुनेछ । सामाजिक र धार्मिक कार्यबाट सन्तोष

**वृष**: अतिथिको रूपमा सत्कार पाइएला । राज्यबाट सहयोग मिल्नेछ ।

**मिथुन**: लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिँदैन । मित्रताको बन्धन कसिने छ ।

**कर्कट**: सुखमा रमाउने समय छ । नोकरी गर्नेले मानसम्मान पाउनेछन् ।

**सिंह**: बेसुरमा वचन दिने बानीले अप्ठ्यारो हुन सक्छ ।समस्या समाधानका लागि चालिएका

**कन्या**: गरेको काममा ढिलासुस्ती हुनेछ । विचार गरेर निर्णय लिनु उचित होला ।

**तुला**: प्रतिस्पर्धामा राम्रो सफलता मिल्नेछ ।

**वृश्चिक**: आज न्यायिक कार्यमा सफलता मिल्नेछ । धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु**: आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।

**मकर**: आज चिताएको कामले तीव्रता लिनेछ । सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान

**कुम्भ**: आज एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । रमाइलो यात्रा गर्ने अवसर

**मिन**: वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । श्रमको उचित मूल्याङ्कन हुनेछ ।